Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्षः २६ | अंकः २६ | वि.सं. २०८३ वैशाख २६ शनिवार | नेपाल संवत: ११४५, ज्येष्ठ कृष्ण सप्तमी | Saturday 9 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# आधुनिक सहरतर्फ उन्मुख औलोले गुल्जार वीरेन्द्रनगरको यात्रा ५० वर्षमा

सावविक मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम हो, प्रदेश राजधानी सुर्खेतको वीरेन्द्रनगर नगरपालिका । कुनै समय वीरेन्द्रनगर उपत्यकामा फाटफुट राजी र थारु जातिको बसोबास थियो । २०२२ सालअघि वीरेन्द्रनगरको पहिचान औलोको गुल्जारसँग जोडिएको थियो । उतिबेला पहाडमा बसोबास गर्ने मानिसहरु उपत्यकामा औलोबाट मरिने डरले झर्दैन थिए ।




“२०३३ सालमा स्थापना भएको वीरेन्द्रनगरले शुक्रबार आफ्नो ५० औं वार्षिकोत्सव भव्य समारोहका बीच मनाएको छ ।

◣ओम शाही
सुर्खेत, २५ वैशाख ।

सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले आफ्नो स्थापनाको ५०औं वार्षिकोत्सव भव्य समारोहका बीच मनाएको छ । २०३३ सालमा स्थापना भएको नगरपालिकाले शुक्रबार आफ्नो वार्षिकोत्सव मनाएको हो । वार्षिकोत्सवको अवसरमा नगरपालिकाले २०७९ मा निर्वाचित जनप्रतिनिधिका चार वर्षे कार्यप्रगतिसमेत सार्वजनिक गरेको छ ।

वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै नगर प्रमुख मोहनमाया ढकालले ‘शैक्षिक, प्रशासनिक र पर्यटकीय शहर–स्वच्छ, स्वस्थ, समुन्नत वीरेन्द्रनगर’ भन्ने दीर्घकालिन सोचका वीरेन्द्रनगरलाई आधुनिक सहर बनाउने यात्रा जारी राखेको बताइन । ‘कर्णाली प्रदेशको राजधानीका रूपमा मात्र नभई पश्चिम नेपालको उदाउँदो सहरका रूपमा वीरेन्द्रनगरले

बाँकी ४ पेजमा

## औलौको गुल्जारबाट उठेको सहर

साविक मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम हो, प्रदेश राजधानी सुर्खेतको वीरेन्द्रनगर नगरपालिका । कुनै समय वीरेन्द्रनगर उपत्यकामा फाटफुट राजी र थारू जातिको बसोबास थियो । २०२२ सालअघि वीरेन्द्रनगरको पहिचान औलोको गुल्जारसँग जोडिएको थियो । उतिबेला पहाडमा बसोबास गर्ने मानिसहरू उपत्यकामा औलोबाट मरिने डरले झर्दैन थिए । झरेका पनि रातमा बास बस्दैन थिए । खेतीपाती गर्न झर्नेहरू साँझमा बास बस्न उत्तरतर्फको गोठिकाँडा क्षेत्रमा उक्लन्थे । खेतीपातीका रूपमा प्रयोग हुने वीरेन्द्रनगर क्षेत्रमा बस्ती विकास नहुञ्जेल पञ्चायतकालीन प्रशासनिक केन्द्र तत्कालीन गढी गाविस हालको वीरेन्द्रनगर-१४ बाट सञ्चालित हुन्थे ।

वीरेन्द्रनगर उपत्यकामा २०२२ सालमा जब औलो उन्मूलनको घोषणा भयो, त्यसपछि खेती लगाउन मात्र उपत्यका झर्ने मानिसहरू स्थायी रूपमा बस्न आउन थालेका थिए । वीरेन्द्रनगर नगरपालिकमा बसोबासको प्रारम्भ

बाँकी ३ पेजमा

## सात पत्रकार पुरस्कृत

सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाको ५० औं स्थापना दिवसका अवसरमा सात जना पत्रकारलाई पुरस्कृत भएका छन् । वीरेन्द्रनगरलाई कर्मथलो बनाएर पत्रकारिताका माध्यमबाट सञ्चार क्षेत्रमा पुर्याएको योगदानको कदर गर्दै उनीहरुलाई पुरस्कृत गरिएको हो । उनीहरुलाई वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकाल, उपप्रमुख निलकण्ठ खनाल र प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद बास्कोटाले नगद रकम र कदरपत्रले सम्मान गरेका छन् ।

पुरस्कृत हुने पत्रकारहरुमा शिलापत्र डटकममा कार्यरत ओम शाही, राजधानी दैनिकका प्रकाश अधिकारी, गोरखापत्र दैनिकका रजनी योगी, बाह्रखरी डटकमका विवसकुमार सेजुवाल, रेडियो भेरीका मधुवन विसी, हिमाल प्रेसका रमा केसी र अनलाइन खबरका यज्ञ खत्री छन् । २०३३ सालमा स्थापना भएको वीरेन्द्रनगरले शुक्रबार आफ्नो ५० औं वार्षिकोत्सव भव्य समारोहका बीच मनाएको छ । कर्णाली प्रदेशको ठुलो र राजधानीको मुकाम पालिका रहेको वीरेन्द्रनगर पश्चिम नेपालमा उदाउँदो सहरका रुपमा विकास भइरहेको छ ।

# दैलेखमा ४२० हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा

◣युग संवाददाता
दैलेख, २५ वैशाख ।

दैलेख जिल्लाका विभिन्न वन क्षेत्रको जग्गा अतिक्रमण हुनेक्रम बढेपछि प्राकृतिक सम्पदा र वनको अस्तित्व नै सङ्कटमा पर्न थालेको छ । डिभिजन वन कार्यालय दैलेखको पछिल्लो तथ्याङ्कअनुसार जिल्लाभर हालसम्म कुल ४२०.२९ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको पाइएको छ ।

जिल्लामा रहेका छ वटा सब-डिभिजन वन कार्यालयले स्थानीय तहमा वन सुरक्षा, अतिक्रमण नियन्त्रण र गैरकानुनी गतिविधिको निगरानी गर्दै आए तापनि बढ्दो मानवीय हस्तक्षेप र अवैध कब्जाका कारण वन विनाश मुख्य चुनौती बनेको छ । प्राप्त तथ्याङ्कअनुसार जिल्लाका सबै ११ वटै स्थानीय तहमा वन अतिक्रमणको समस्या देखिएको छ ।

जसमा रामाघाट सब-डिभिजनअन्तर्गत पर्ने चामुण्डाविन्द्रासैनी नगरपालिका र ठाँटीकाँध गाउँपालिकामा सबैभन्दा बढी अर्थात् २४०.१० हेक्टर जमिन, अतिक्रमण भएको छ ।

त्यस्तै, महाबु सब-डिभिजनअन्तर्गत पर्ने (महाबु र नौमुले गाउँपालिका) मा ६२.१२ हेक्टर जमिन र दुल्लु सब-डिभिजनअन्तर्गत पर्ने (दुल्लु नगरपालिका र भैरवी गाउँपालिका) ५९.५१ हेक्टर जमिन, वनक्षेत्र अतिक्रमित भएको छ ।

त्यसैगरी, राकम कर्णाली सब-डिभिजनअन्तर्गत पर्ने आठबिस नगरपालिकामा एउटा मात्र पालिका पर्दछ । जसमा २५.७२ हेक्टर जमिन अतिक्रमण परेको छ । डुङ्गेश्वर सब-डिभिजनअन्तर्गत पर्ने (डुङ्गेश्वर र गुराँस गाउँपालिका) मा १८.९२ हेक्टर जमिन, तथा लोहोरे सब-डिभिजन अन्तर्गत पर्ने (नारायण नगरपालिका र भगवतीमाई गाउँपालिका) मा १३.८९ हेक्टर जमिन अतिक्रमणको चपेटामा परेको छ । जिल्लाभरकै यो तथ्याङ्कलाई हेर्दा रामाघाट क्षेत्रमा सर्वाधिक दोहन भएको देखिन्छ ।

विशेषगरी चामुण्डाबिन्द्रासैनीको जम्मुकाँध र ठाँटीकाँध क्षेत्रमा सार्वजनिक जग्गाको दोहन तीव्र देखिएको छ । यी दुई पालिकामा मात्र ५३३ जनाले सार्वजनिक जग्गा अतिक्रमण गरेर बसोबास गरिरहेका छन् । अव्यवस्थित बसोबासी’ का रूपमा दर्ता हुने प्रक्रियाको आडमा कतिपय पहुँच वाला र समाजका टाठाबाठा व्यक्तिहरूले सार्वजनिक वन क्षेत्र र मध्यपहाडी लोकमार्ग आसपासका जग्गामा पक्की संरचना निर्माण गरेको पाइएको छ ।

डिभिजन वन कार्यालय दैलेखका प्रमुख अमर शाहले सार्वजनिक जग्गाको विषयमा कानुनमा भएको व्यवस्थाअनुसार कडा रूपमा अघि बढ्ने बताए । उनका अनुसार सडक र वनक्षेत्र मिचेर संरचना नबनाउन पटक-पटक पत्राचार र भौतिक रूपमै भेटेर आग्रह गर्दासमेत कतिपयले अटेर गरी संरचना निर्माण गरिरहेका छन् । “कानुनको ठाडो उल्लङ्घन गर्नेको अनुसन्धान भइरहेको छ”, प्रमुख शाहले भने, “अतिक्रमणकारीलाई वन क्षेत्रको सार्वजनिक कानुन अनुसार छिट्टै कानुनी दायरामा ल्याइनेछ ।”

# सुर्खेतका सुकुमबासी समुदाय आन्दोलनमा

◣युग संवाददाता
सुर्खेत, २५ वैशाख ।

सुर्खेतमा सुकुमबासी समुदाय सरकारविरुद्ध आन्दोलनमा उत्रिएका छन् । उनीहरुले ‘डोजर आतंक बन्द गर’ भन्दै सरकारको भूमिसम्बन्धी नीति तथा हटाउने अभियानको विरोध गरेका हुन् । शुत्रबार वीरेन्द्रनगरमा भेला भएका सुकुमबासीहरुले आफूहरुलाई वैकल्पिक व्यवस्थाविना हटाउन खोजिएको आरोप लगाउँदै सरकारविरुद्ध नाराबाजी गरेका थिए ।

प्रदर्शनकारीहरुले ‘सुकुमबासीलाई बस्न दे’, ‘गरिबमाथि अन्याय बन्द गर’ लगायतका नारा लगाएका छन् । उनीहरुले वर्षौंदेखि बसोबास गर्दै आएको ठाउँबाट जबर्जस्ती हटाउन खोजिएको भन्दै सरकारको कदमप्रति असन्तुष्टि जनाएका छन् । उचित व्यवस्थापन, लालपुर्जा तथा सुरक्षित बसोबासको ग्यारेन्टी नगरी डोजर प्रयोग गरेर हटाउन खोजिएको भन्दै आन्दोलनमा उत्रिनुपरेको उनीहरुको भनाइ छ ।प्रदर्शनका क्रममा सुरक्षाकर्मीको उपस्थिति समेत बढाइएको थियो ।

BC Group
20th years printing experience
भित्तेपात्रो (क्यालेण्डर) छपाई अब सुर्खेतमै
सुलभ दर र उत्कृष्ट गुणस्तर



प्रति घण्टा २० हजार प्रति छपाई क्षमता भएको प्रदेशकै सबैभन्दा ठुलो उद्योग ।

BHAWANI CHHAPAKHANA
DIGITAL COLOUR PRINTERS
(QUALITY & QUANTITY PRINTING HOUSE)
Office: Birendranagar-6, Buddhapath, Surkhet
Industry: Birendranagar Industrial Area

विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali :- Jobkarnali.com
Tender Karnali :- Tenderkarnali.com
ebazar :- ebazar.com

**कथा :**

# प्रति-स्वत्व



✍ **सुवास खनाल**

*समयका हिसाबले मलाई यो गोधूलि अलिक प्रिय लाग्ने हुँदै हो । यो समयलाई म अध्ययनमा सदूपयोग गर्न चाहन्थैं । तर आज भने अध्ययनको क्रममा रहेको थिइनँ । म कतै गइरहेको छु ।*

यो साँझ उस्तै भइरहेन । आजभन्दा पहिलेका साँझहरू सामान्य बितेका हुन् । यो पनि हैन कि यो साँझ असामान्य थियो । सामान्य र असामान्यबीचको भेद के हो ? यो प्रश्नले मलाई सताइरहन्छ । यो साँझ अलिक फरक घटना भयो ।

पश्चिमी क्षितिजबाट सूर्य फुत्किएर भागेको केही समय भइसकेको थियो । रमरम अँध्यारो थियो । वास्तविक अँध्यारो के हो ? यो बारे म अझै जिज्ञासु छु । बाहिरी अँध्यारो कति वास्तविक अँध्यारो हो र मनको अँध्यारो पो बढी अँध्यारो होइन र ? मैले केही क्लासिक कविका कवितामा अँध्यारोलाई नकारात्मक प्रतीक बनाइएको विषय बारम्बार पढेको छु । निरन्तर अस्तित्वमा रहेको र सत्य स्थापित अँध्यारो कसरी आफैँमा नकारात्मक छ ? यो प्रश्नले सधैँ मलाई हिर्काइरहेको हुन्छ । तर उत्तर खोज्दा मैले अपेक्षित स्वरुपको पाएको छैन । मन यही प्रश्नमा कहिलेकाहीँ रुमल्लिरहन्छ ।

यो गोधूलि समय मलाई अत्यन्त मनपर्छ । प्रायजसो म पुस्तक अध्ययनको समय यही छान्ने गर्छु । घाम अस्ताइसकेको तर अँध्यारोको प्रारूप भने पूरै खडा भइसकेको छैन । यस क्षण पुस्तकका पानामा अक्षरका गहिराइ नाप्नु मेरा निम्ति सर्वप्रिय विषय बन्छ ।

मैले जीवनका केही रहस्यहरू सम्भवतः यही समयको छेउछाउ पत्ता लगाएँ भन्ने मेरो अनुमान हो, र जीवन रहस्यमयी छैन भने यो कुरा झुठ पनि हुन सक्छ । तर मचाहिँ जीवनलाई अलिक रहस्यमयी नै सम्झिन्छु । जीवन किन अस्तित्वमा छ ? जीवन के हो ? विज्ञानका नियमहरूले गर्ने तर्कलाई सम्मान त गर्छु तर ती आफैँमा पूर्ण छन् र ? यी प्रश्नहरूले म पटकपटक हिर्काइन्छु ।

समयका हिसाबले मलाई यो गोधूलि अलिक प्रिय लाग्ने हुँदै हो । यो समयलाई म अध्ययनमा सदूपयोग गर्न चाहन्थैं । तर आज भने अध्ययनको क्रममा रहेको थिइनँ । म कतै गइरहेको छु । यो गइरहनु कुनै एउटा दिशा ताकेर हिँडिरहनु थियो । यी दिशाहरूसँग भने मेरा उद्देश्य, सोच, परिकल्पना वा गन्तव्य गाँसिएर आउँथे । गइरहनुकै बीचतिर एक प्रश्नले मेरा कानका प्वाल हुँदै मष्तिष्क छिचोलेको अनुभव भएको कुरा सत्य हो । यो आवाज केही फरक थियो । कुनै पत्ता नलागेको ग्रहको वा हामीले थाहा नपाएको मान्छेको आवाज हो कि झैँ लाग्थ्यो । यो मेरो अनुभव त्यस किसिमको थियो या समय त्यस्तो घटित थियो ? तर आवाजलाई महसुस गरेर म उत्तर फर्काउन सफल भइरहेथैं ।

"तपाईंको खबर के छ ?"

"मैले तपाईंलाई चिनिनँ ।"

'तपाईंले कसलाई चिन्न सक्नुहुन्छ ? वा मैले भन्न खोजेको कसले कसलाई चिन्न सक्ने क्षमता राख्छ र ? संसारमा जो कोही एकअर्कासँग अपरिचित छन् । तपाईंले आफूलाई पनि शायदै चिन्नुभएको छ ।"

"यो पनि हुन सक्छ कि म आफूलाई चिन्छु ।"

"असम्भव ।"

"यो असम्भव पनि त आफैँमा असम्भव हुन सक्छ नि ?"

"असम्भव, असम्भव छ भने त्यो पनि फेरि असम्भव हुन सक्छ ।"

"असम्भव नै असम्भवको शृत्त लाको परिणाम, सम्भव पनि त हुन सक्छ ।"

"हुनसक्छ मात्रै त हो नि, हो भन्न त सक्नु भएन नि ।"

"यो हो पनि आफैँमा हुन सक्छ मात्रै हो ।"

म यो वार्तालापलाई लम्ब्याउन चाहन्थैं । रहस्यमयी अनुभव भइरहेथ्यो तर यसको क्रम यहीँ टुङ्गियो । यतिखेरसम्म मैले वार्ता गरिरहेको व्यक्तिको स्वरूपसँग खास महत्त्व राख्दै थिइनँ । अब भने ममा त्यो उत्सुकता बढ्दै गयो । मैले पछाडि फर्केर हेरैँ । यहाँ कुनै शारीरिक बनावटको स्वरूप थिएन । अब भने मैले तीन छक्क खाएँ ।

केही क्षण प्रकृतिले दिएको हावा निस्तो निल्दै आँखा मिच्दै रहेँ । मेरा आँखामा समस्या पक्कै थिएन । अब मसँग सम्भाव्यताका केही अड् कलहरू बाँकी थिए ।

१. यो सब भ्रम थियो ।

२. कोही अरूले भन्ने गरेजस्तो अशान्त आत्माको आवाज थियो ।

३. वा बाँकी अरू कुनै अज्ञात सम्भाव्य अवस्था थियो ।

मलाई जिन्दगी, सोचेभन्दा अर्को कुनै अज्ञात सम्भाव्य अवस्था जस्तो मात्र लाग्ने गर्दछ । तर यो जीवन सोचको कुरा छाडौँ, म अर्को समस्याबाट पीडित भएको पो अनुभव हुँदै थियो ।

मलाई साँझले विस्मयका केही प्रश्न छोडेर गयो । अब म त्यस्तै अर्को साँझ पर्खन थालैँ । म यो रहस्यको पटाक्षेपकै निम्ति बढी अग्रसर रहेँ । अर्को दिन उही समय उही दिशामा र उही तरिकाले मेरो यात्राको थालनी भयो ।

तरिका उही थियो । यो आवाज अब मेरा लागि परिचित छ । हावाको मसिनो झोक्का आयो र फेरि शान्त भयो । यही हावाकै वेगजस्तो मेरा कानका नसाहरूले आवाजको ज्ञान प्राप्त गर्‍यो ।

"तपाईंमा भोक जाग्यो कि के हो ?"

"हैन म त अघाएकै छु ।"

"फेरि तपाईंले कुरा बुझ्नु भएन ।"

"नबुझ्नुको मतलब तपाईंले कुरा बुझाउन नसक्नु भएको पनि हुन सक्छ ।"

"हो हो, यो हुन सक्छ पनि हुन सक्छ ।"

"तपाईंले भन्नुभएको भोक अर्कै प्रकारको होला भन्ने मैले अनुभव गरैँ, अर्थात् भोजनसम्बन्धी भोक हैन ।"

"हो तपाईं एकदमै सही अनुमान गर्दै हुनुहुन्छ । तपाईंले मलाई चिन्न वा भेट्न तपाईंमा भोक जाग्यो कि भन्ने मेरो जिज्ञासा हो ।"

"यस्तो भएको हो कि भन्ने ममा पनि अनुभूति भइरहेको छ ।"

यसरी केही साँझ बित्दै गए । यस्तो वार्तालाप पनि हुँदै गयो ।

"मेरै कारणबाट तपाईं बेचैन बन्नु ठीक होइन ।"

"यो त स्वभाविक छ नि हैन र ? कुनै मुठ्ठी बन्द गरेर अर्को मानिसलाई देखाइयो भने उसमा त्यसभित्र के छ भन्ने जिज्ञासा जाग्न पाउँदैन र ?"

"जिज्ञासा जाग्न पाउनु शतप्रतिशत जायज हो । तर त्यसभित्रको कुरा कुनै पनि तरिकाले हेर्न पाउनुपर्छ भन्ने हठ राख्नु गलत हुनपुग्छ ।"

"यसलाई यसरी नै बुझौँ न यो जिज्ञासामात्र हो । हठ होइन ।"

आजको वार्तालाप पनि यहीँ टुङ्गिदियो । मैले जिज्ञासा मात्र भने पनि त्यो बेचैनीजस्तो वा चिन्ताजस्तो बनिसकेको थियो । म पुरानै प्रमाणभन्दा अघि बढ्न सकिनँ । यो वार्तालाप पुर नै शैलीमा भयो । जब मैले पहिलेजस्तै पछाडि फर्केर हेरैँ, त्यहाँ त्यस्तो मैले हुनुपर्ने ठानेको कुनै आकृति थिएन । ममा बितेका साँझहरू जस्तो आउने साँझहरू भने फरक अनुभूति दिलाउने अलिक हुने छैनन् । अब मेरो यो दैनन्दिन जस्तो भइसक्यो । भनूँ न एक खालको अभ्यस्तता । म मान्छेका समूहहरूबाट अलिक टाढा हुँदै थिएँ । साथीहरू मलाई, यो किन फरक भयो भन्दै हुन्थे । म सोच्थैं - फरक त सबै छन् नै तर आजकाल ममा एक किसिमको बेचैनी पैदा भएको छ । म केहीको खोजमा रहेको अनुभूति गर्थैं ।

अर्को साँझ -

"यो आवाज नै होइन कि भन्ने तपाईं अर्को भ्रममा पर्न सक्नुहुन्छ ।"

"हैन मैले आवाज त ठम्याइरहेको छु । तर यो सङ्गीतको सुरझैँ मोहक रहेको आवाजको साकार स्वरूप फेला पार्न सकिरहेको छैन ।"

"आवाजको ज्यामितीय आकार र ठोस स्वरूप भने हुँदैन । तर यो सर्वसत्य आवाज हो ।"

"सत्य हुन त प्रमाण हुनुपर्ला नि ।"

"अब सबैभन्दा धेरै समस्या यहीँनिर भइदियो । यो प्रमाण के हो ? यो आफैँमा विरोधाभाषपूर्ण छ । तपाईंलाई प्रमाण लागेका कुरा अर्को कसैलाई लाग्नैपर्छ भन्ने छैन । फेरि अर्को कुरा, सत्य हुन प्रमाणको आवश्यक पर्ने भए असत्यका निम्तिचाहिँ हुनु पर्दैन ? वा सबै सत्यहरूका पुष्टि गर्न मिल्ने प्रमाण हुन्छन् र ?"

"सत्य हुन प्रमाण आवश्यक छ भने असत्य हुन पनि त आवश्यक पर्ला नै ।"

घरमा म एक्लै हुन्थैं र रहन चाहन्थैं । यो क्रमले परिवारका सदस्यहरू सम्भवतः दिक्क भइरहेथे । हुन त म पनि दिक्क थिएँ । तर ममा एकखालको उत्सुकताले गाँजेको थियो, म उही आवाजको नजिक हुन चाहन्थैं र जिज्ञासाका केही पोकाहरू फुकाउन चाहन्थैं ।

फेरि अर्को साँझ ।

"मलाई लाग्यो, तपाईं कुनै फकीरझैँ हुनुहुँदो रहेछ । नत्र तपाईंको मप्रतिको आकर्षण यति धेरै रहन्न थियो होला ।"

"खै यो तपाईंको अनुमान हो । त्यसले तपाईंकै विश्वासलाई प्रकट गर्दछ । यसमा मेरो भन्नु केही छैन ।"

"यो पनि हुन सक्छ कि तपाईंमा आफूसङ्गत केही अनुमान त पक्कै छ ।"

"यो त पक्कै छ, तर म यो अनुभव गर्दैछु कि मैले आफूसम्मत जे अनुमान गर्दैछु, त्यही सत्य हो वा होइन ।"

"तपाईं बल्ल विचारको सही किनारामा आउँदै हुनुहुन्छ ।"

"तर म यो सही भन्ने कुरा नै चिन्न नसक्ने भएको छु ।"

"चिन्न नसक्नु पनि अर्को चिन्नु हो ।"

वार्ता लामो हुने गर्दैन । अलिक अनौठो र जटिल किसिमको मात्र हुने गर्दछ । मलाई यो कुरा अरूलाई सुनाउन पनि मन छैन । साथीहरूलाई सुनाएमा हावा गफ भन्दै उडाउनेछन् । परिवारलाई सुनाएमा परिवारको मप्रतिको चिन्ता झन् बढ्नेछ । परिस्थिति खास जटिल होइन । त्यो आवाजले मलाई खोज्दै आएको पनि छैन । उल्टो म बरू त्यस आवाजलाई पछ्याउँदै हिँडिरहेछु । यदि म नै उक्त आवाजदेखि टाढिने हो भने सबै समस्याको समाधान त्यहीँ छ । यो समस्या पनि होइन । म सो आवाजको पछि लागेर हिँडे पनि त्यसलाई सामान्य सोचिदिने हो भने कतै केही अप्ठेरो नै छैन । मलाई यो रहस्यको पछि लाग्न नै मन छ ।

उसैगरी ।

"कतै तपाईंलाई, म को हुँ जानकारी पाउन मन छ होला ।"

"यो त तपाईंले मेरो मनकै कुरा भनिदिनुभयो । यही कुरा त मेरो मनमा बालहठ जस्तो बनेको छ । र म यो आवाजलाई पछ्याइरहेको छु ।"

"तर मैले यो बताउन जरूरी नै ठान्दिनँ । यो तपाईंले आफैँ निकै सहजसँग पत्ता लगाउनु हुनेछ ।"

"सबभन्दा अप्ठेरो कुरा त कति सम्मलाई सहज भन्ने नै पत्ता लगाउन सक्दिनँ म । असहज जहाँदेखि सोचिदिए पनि त भयो नि हैन र ?"

"अब यही त मूल कुरा छ । यदि कुनै कुरा निकै कठिनताका साथ प्राप्त भयो भने पनि त्यसबेला प्राप्त नहुनु भन्दा सहज त हो नि, होइन र ? मानिसले गर्न सक्ने अन्तिम प्रयाससम्मको अवस्था, सहज हो भन्ने मलाई लाग्दछ । यस कारण तपाईं प्रयासमा नै रहिरहनुहुनेछ भन्ने मेरो अनुमान हो ।"

"तपाईंको अनुमानलाई मेरो सलाम छ, तर ममा बेचैनी भने बढिरहेछ । तपाईं कुन रहस्य हो मलाई छुट्याउन गाह्रो भइरहेछ ।"

"म रहस्य मात्र भने पटक्कै होइन । तर तपाईंले मलाई रहस्यमयी मात्र फेला पार्नुभएको हुनसक्छ ।'

म यो साँझ अलिक धेरै आशावादी रहेँ । मैले यो प्रश्नको उत्तर पाउन सक्छु भन्ने कुरा बुझेँ । यो बुझाइले मलाई अर्कै राहत दियो । मैले परिवारमा त्यस दिन पछिल्ला साँझहरू मध्ये धेरै कुराकानी गरैँ । यसले परिवारका सदस्यहरूको खुशीमा अनौठो तरङ्ग थपिदियो । मेरो बालखा छोरो पनि फर्कीफर्की आएर मेरो काखमा बस्दै रह्यो । अघिल्ला केही दिन । ऊ पनि टाढाबाट कोही अपरिचितलाई हेरेझैँ मलाई हेर्थ्यो । गुर्रर कुदेर उसकै आमाको काखमा गएर बस्थ्यो । यो साँझ म निकै खुशी हुन पुगेको पक्कै हो ।

"म तपाईंभित्रै छु ।"

"मेरो म आफूसँगै वार्ता !? मैले दङ्ग खाएँ । के मेरो आत्माले पखेटा हाल्यो ? कि यो हावामा उड्दै छ ? र मसँग नै वार्ता गर्दै छ ।"

"तपाईंको कल्पनाशीलता अलिक ठोस किसिमको रहेन, यो तरल छ र जतासुकै जसोगरि पनि बग्न खोज्छ ।"

"ठोस हुनुको आवश्यकता किन छ ? भन्ने नै मैले बुझ्न सकिन ।"

"यो आवश्यकता खड्किएको भने पक्कै हो । यसमा तपाईंको कुरा नै मुख्य रहन्छ । कसैले यस्तो भइदिनुपर्छ भन्नु उसको आशाको विषय मात्र हो ।"

"तपाईं सही हुनुहुन्छ । यसमा मैले टिप्पणी गर्नुपर्ने खास अवस्था महसुस गरिनँ ।"

"यो पनि हुन सक्छ मात्रै हो । हरेक 'हो' हरू हुनसक्छ मात्रै हो ।"

फेरि अर्को साँझ र अर्को साँझ गरी केही साँझहरू यस्तै बितेको कुरा गलत होइन । एक साँझ भने वार्तालापहरू मध्ये लामो वार्तालाप हुन गयो ।

"मलाई एउटा चिन्ता भइरहेछ, तपाईं किन यति धेरै मप्रति सम्मोहित हुनुहुन्छ ?"

"यो सम्मोहन भन्ने शब्द यहाँ गलत प्रयोग भयोझैँ लाग्छ ।"

"तपाईंको दृष्टिमा गलत भएको मान्न सकिन्छ । सत्य त सत्य हो । हरेक गलतहरू पनि गलतका लागि नै त आफैँमा निर्मम सत्य हुन् ।"

"अब यहाँ केही समस्या छ भन्ने मेरो कुरा हो । यो पनि त भन्न सकिएला हरेक सत्यहरू पनि आफैँमा गलत हुन् । हेर्ने कोणले निर्धारण गर्ला कि ?"

"मैले भनिसकेँ, हुन सक्दैन पनि हुन सक्छ र हुन सक्छ पनि हुन सक्छ । दृष्टिकोणहरूमा भर पर्दछन् । संसार सम्भाव्यताहरूमा अडेको छ ।"

"मानौँ तपाईं हुनुहुन्छ ? के भनेर चिनौँ, तपाईंलाई सत्यको अर्को नाम भनौँ ?"

"सत्य त विशाल छ । मेरो स्वरूपले त्यसको आकारअघि कुनै ठूलो प्रभाव राख्न सक्दैन । जे होस् तपाईंको मप्रतिको जिज्ञासाका निम्ति धन्यवाद ।"

"तपाईं समयको अर्को नाम ?"

'तपाईंको यो अनुमान हो भने, यसलाई स्वागत छ । तर म समयजत्तिको साहसी र बलवान छैन । अर्थात् म सबैलाई आफ्नो कठघरामा समयलेझैँ उसैगरि उभ्याउन सक्दिनँ । तर फेरि यो समयको कहीँ न कहीँ एक हिस्सा मेरो भागमा पर्न आउँछ भन्नेचाहिँ मेरो विश्वास हो ।"

"अब म तपाईंलाई चिन्न असमर्थ छु । मैले निकै कठिनतम प्रयासहरू भने गरेकै हुँ ।'


"मैले यो विश्वास गर्दै थिएँ कि तपाईं हार्नु हुने छैन । सबै प्रायः मानिस जिउनुको नाममा अनेक सम्झौताहरू गर्छन् । ती सम्झौताहरू मार्फत नै पराजित हुँदै जान्छन् । जे होस् यो मानवीय स्वभावको कुरा छोडिदिऊँ, अब म तपाईंलाई जानकारी दिन्छु, म तपाईंले मान्ने गरेको जीवनको अस्तित्व झैँ अर्को रुप हुँ । म प्रति-स्वत्व हुँ । पक्षको प्रतिपक्ष भएझैँ । जसरी तपाईंमा आफ्नो निजत्व हुन्छ । त्यसलाई तपाईं स्वत्व भन्नुहुन्छ । त्यसको प्रतिस्वरुप प्रति-स्वत्व हुने गर्छ । जसरी आकारको अस्तित्वसँगै निराकार पनि हुन्छ । उज्यालो भएपछि अन्धकार हुन्छ । स्वैरकाल्पनिक दुनियाँमा मात्र सबै समआकार र समरुप अभ्यासका कुरा होलान् । तर यथार्थमा प्रतिरुपहरू सजीव उत्पन्न हुने गर्दछन् ।"

"तपाईंले अर्को एकजना मानिस सम्झिनुस् । ऊसँग आफ्नो 'स्वत्व' हुन्छ । अब तपाईंलाई आफूदेखि कुनै अचम्म लाग्न सक्छ । तर सामान्यकृत छ, अस्तित्व मान्छेको अहमको सबैभन्दा पहिलो प्रश्न हो । यसको आविष्कार चराचर जगतको उत्पत्ति पछि लगत्तै भएको हुनुपर्छ । तपाईंको स्वत्वझैँ अर्को अस्तित्व सम्भवतः तपाईंसँग प्रश्न गर्दै थियो । तपाईंले मलाई प्रतिस्वत्वको स्वरुपमा चिन्न सक्नुहुनेछ ।'

मलाई केही प्राप्त भएझैँ भयो ।

बल्ल मैले बुझेँ । यतिका प्रश्नहरू मलाई गरिरहने अरु कोही पनि मभित्र नै रहेछ । म केही हुँ भन्ने बोध गराउनका लागि आफैँभित्र केही तर्कहरू निर्माण गरिरहने एउटा स्वरुप पनि त मसँगै हुने रहेछ । कहिलेकाहीँ हामी आफैँलाई नचिनेर भड्किने तहमा पुग्छौँ । बेचैन बन्छौँ । आफ्नो सुगन्ध बिर्सेर बाहिर अर्कै शक्तिको स्वरुप खोज्दै हिँड्छौँ । आफूलाई आफू सम्झाउने केही हामीसँग हुन्छ भने त्यो हाम्रो प्रति-स्वत्व रहेछ । यही स्वरुपले उल्टा प्रश्नहरू गरेर म आफूलाई आफैँलाई भित्र प्रवेश गर्न आग्रह गरिरहेको रहेछ ।

म झसङ्ग भएँ । मबाट हरेक कुरा विलुप भइसक्दा पनि मलाई पछ्याइरहने त यही रहेछ- मेरो अस्तित्व अर्थात् 'स्वत्व' । सोही स्वत्वको उल्टो स्वरुप अस्तित्वमा रहने प्रति-स्वत्वसँगको कुनै वार्तालापमा रहेछु म । यतिखेर म थप रोमञ्चित हुँदै थिएँ । मानव जीवन हुनुको एउटा छुट्टै मीठासको अनुभूति गर्दै थिएँ । मेरा जिज्ञासाहरूको एउटा पन्तुरो फुकेकोमा म निकै हलुका महसुस गर्दै थिएँ ।



## विश्व

# ट्रम्पसँगको तनावबिच पोपलाई भेट्न भ्याटिकन पुगे रुबियो

**भ्याटिकन सिटी, २५ वैशाख ।**

अमेरिकाका विदेशमन्त्री मार्को रुबियो पोप लियो चौधौँलाई भेट्न भ्याटिकन पुगेका छन् । रुबियोको भ्रमणलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पोपको बारम्बार आलोचना गरेपछि भ्याटिकनसँग बिग्रिएको सम्बन्ध सुधार्ने प्रयासका रूपमा हेरिएको छ । पोप र रुबियोबिच बिहीबार लगभग आधा घण्टा गोप्य भेटवार्ता भयो । त्यसपछि रुबियोले आफ्ना भ्याटिकनका विदेश मामिला हेर्ने कार्डिनल पिएट्रो पारोलिनलाई भेटे ।

रुबियो र पोपबिचको भेट भ्याटिकन प्रमुख र ट्रम्प सरकारका अधिकारीबिच एक वर्षपछिको पहिलो ज्ञात भेट हो । पारोलिनका अनुसार यो बैठक अमेरिकाको अनुरोधमा भएको हो । तथापि, पोप लियोले रुबियोका कुरा ध्यानपूर्वक सुनेका थिए । पछिल्लो केही समययता ट्रम्प र पोप लियोबिचको सम्बन्ध तीव्र गतिमा बिग्रिएको देखियो ।

पोपले इरानमाथिको अमेरका-इजरायल युद्धको खुलेर आलोचना गरेपछि ट्रम्पले पोपमाथि सार्वजनिक आलोचना गरे । तथापि, ट्रम्पको आलोचनाले अमेरिकी क्रिस्चियन मतदाताको एक हिस्सा रुष्ट भएको आशंका गरिएको छ । यसले नजिकिँदै गरेको मध्यावधि चुनावमा असर पर्ने चिन्ताका कारण ह्वाइट हाउसले क्षति व्यवस्थापन गर्ने प्रयास सुरु गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — प्रतिष्ठित काम गरेर लोकप्रियता हासिल गर्न सकिनेछ । समाजमा मान-सम्मान बढ्नेछ र नयाँ मान्छेहरूसँग चिनजान हुनेछ ।

**वृष** — चुनौतीभित्र अवसर खोज्ने समय छ । नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ने हुन सक्छ । आफैँले गरेका बाचाहरू पुरा गर्न गाह्रो हुन सक्छ ।

**मिथुन** — स्वास्थ्य कमजोर रहनाले जोसजाँगरमा कमी आउनेछ । अरूको झैझगडा वा कुरामा चासो नदिनुहोला, आफैँलाई अप्ठ्यारो पर्न सक्छ ।

**कर्कट** — हाँसखेल र मनोरञ्जनको समय छ । काममा छोटो समयमा फाइदा उठाउन सकिनेछ । दिन निकै उत्साहजनक रहनेछ ।

**सिंह** — महत्त्वाकांक्षी कार्य शुभारम्भ गर्ने समय छ । विरोधी वा ईर्ष्या गर्ने व्यक्तिहरू आफैँ पछि हट्नेछन् । रोकिएका कामहरू सुचारु हुनेछन् ।

**कन्या** — केही अवसर प्राप्त भए पनि परिस्थितिवश काम रोकिन सक्छ । पेटको समस्याले स्वास्थ्य कमजोर रहनेछ । मन लगाएर पढ्न र काम गर्न नसकिएला ।

**तुला** — अरूको भरमा काम थाल्दा समस्या पर्न सक्छ । हतारमा निर्णय नगर्नुहोला, पछि पछुतो हुन सक्छ । साझेदारसँग पहिले गरिएको सम्झौता तोड्नुपर्ने परिस्थिति आउन सक्छ ।

**वृश्चिक** — योजना बनाएर काम थाल्दा राम्रो फाइदा हुनेछ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ ।

**धनु** — आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ । हातमा आएको रकम तत्काल खर्चनुपर्नेछ ।

**मकर** — नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ । रचनात्मक काम प्रारम्भ गर्ने समय छ ।

**कुम्भ** — अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । इच्छाविपरीत अरूको करकापमा काम गर्न बाध्य भइनेछ ।

**मीन** — आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन् । सानो कामले पनि राम्रो आम्दानी दिलाउनेछ । श्रमको उचित मूल्य पाइनेछ ।

कथा :

# नयाँ शुरूवात



✍ अतुल पोखरेल

रिटायर्ड जीवनको पहिलो दिन- ध्रुवराजको उत्साह उत्कर्षमा थियो। "अब त म स्वतन्त्र छु... अब त म आफ्नै ढंगले बाँच्न सक्छु" आफ्नै मनको शब्द तरंगमा आरामले तैरिरहेका थिए उनी पहिलो दिन।

तर ...

तर स्वतन्त्रता पनि कहिलेकाहीँ अनौठो बोझजस्तै लाग्दोरहेछ- कसैले केही भन्नु नपर्ने, कसैले रोक्न नपाउने, तर आफैँले आफैँलाई गतिशील बनाउन बल गरिरहनु पर्ने ! लगातार दुई हप्ता बितिसक्दा पनि ध्रुवराजले आफूलाई कुनै निश्चित ताल र लयमा बसाल्न सकेका थिएनन् । बिहान उठ्थे, चिया पिउँथे, बार्दलीमा राखिएको पुरानो काठको कुर्सीमा बसेर आकाशतिर हेर्थे- तर केही पनि शुरू गर्न सकिरहेका थिएनन् उनी।

त्यस बिहान पनि ध्रुवराज कुर्सीमै बसेर बादलको फाटोबाट छिरेको हल्का घाम हेर्दै थिए। बगैंचामा रातभर परेको पानीका थोपा अझै पातका टुप्पामा टल्किरहेका थिए । हावाले पात हल्लाउँदा ती थोपा झर्दै जमीनमा बिलाउँथे- जसरी उनको मनमा उठेका अधुरा विचारहरू फाटेर हराइरहेका थिए।

"आज केही त गर्नैपर्छ," मनमनै बडबडाए ध्रुवराज।

"तर के गर्ने ? उपन्यास लेख्ने सपना त थियो, तर कहाँबाट शुरू गर्ने ? कसरी शुरू गर्ने ?" लेख्ने कुरा सोच्दा मनमा एउटा हल्का डर, केही उत्साह र अलमल मिसिएको अनुभूति उठ्ने गर्थ्यो जसलाई उनले कुनै अनुभूतिजन्य शब्दमा नाम दिन सकेका थिएनन् । सोचे- "शायद यो अनुभूतिबारे पनि केही लेख्न सकिन्छ।"

धेरै बेरसम्म कुर्सीमा बसिरहेपछि उनी भित्र पसे । पुरानो काठको आलमारी खोलेर केही किताबहरू छान्न थाले । एउटा पुरानो पहेंलो कभरमा उनको ध्यान पऱ्यो- तरुण तपसी।

कभरको पहेंलोपनमा उनको बाल्यकालको धुलो मिसिएको जस्तो लाग्यो। आठ कक्षामा हुँदा, चौध वर्षको उमेरमा, उनले त्यो पुस्तकका हरेक पंक्ति छन्दमा लय मिलाएर गाउँदै पढेर सिध्याएका थिए।

पुस्तक हातमा लिएर उनले पाना पल्टाए । पानाबाट हल्का गन्ध उठ्यो- पुरानो कागजको, पुरानो समयको, पुरानो ढुकढुकीको । "कति वर्षपछि हातमा समाउँदै छु म यो पुस्तक !" मनमनै मुस्कुराए ध्रुवराज । किताबका अक्षरहरू उनलाई आफ्नै बाल्यकालका साथीहरूजस्तै लाग्यो जसलाई उनले धेरै वर्षपछि भेटेका थिए। एकछिन मन उज्यालियो ध्रुवराजको।

अर्को किताब निकाले- म्याक्सिम गोर्कीको आमा।

कभर छुँदा युवावस्थाको एउटा झिल्को मनमा चम्कियो- उही उमेर, उही जोश, उही विद्रोहीपन । "कति प्रभाव पारेको थियो यस किताबले," बिस्तारै बडबडाए ध्रुवराज। "मानिसले आफ्नो जीवन मात्रै होइन, सिङ्गै समाज समेत बदल्न सक्छ भन्ने विश्वास मेरो मनमा यिनै पानाबाट त आएको थियो" सोच्दै मुसुक्क हाँसे उनी।

किताब हातमा लिएर केही क्षण उनी मौन उभिरहे जसरी कुनै पुरानो मित्रसँग भेट हुँदा केही क्षण शब्दहरू हराउँछन्।

दुई किताबहरू हातमा लिएपछि उनको मनमा अचानक एउटा विचार चम्कियो- धरान जाऊँ कि आज ? विजयपुर डाँडामा बसेर केही लेख्ने प्रयास किन नगरूँ ?

ध्रुवराजले झोलामा तरुण तपसी, आमा, एउटा डायरी, दुईवटा पेन र पढ्दा लाउने चश्मा राखे । चीजबीज बटुल्दै जाँदा, आलमारीको कुनामा एउटा क्यालकुलेटर पनि भेटे उनले। त्यसलाई पनि झोलामा घुसार्दै हल्का हाँसे ध्रुवराज- "अब त रिटायर भइसकियो- अफिसको हिसाबकिताबको काम छैन; तर पनि आदत परेछ। जीवनका हिसाबकिताब त अझै बाँकी नै छन् शायद।"

झोला काँधमा भिरेर ढोकाबाहिर निस्किए उनी। बिहानको हावा अलि चिसोचिसो थियो, तर मनमा एउटा अनौठो न्यानोपन महसूस गर्दै थिए- एउटा नयाँ शुरूवातको तातो स्वास फेर्दै थिए उनी।

बसमा उनी झ्यालछेउको सिटमा बसे। बाटोभरी पानीले भिजेको सडक चम्किरहेको थियो। बसका भित्री भित्तामा लेखिएका अक्षरहरू- कृपया आफ्नो सामानको सुरक्षा आफैँ गर्नुहोला, सामान हराए बस जिम्मेवार हुनेछैन इत्यादि, अनि ड्राइभरको अगाडि झुन्डिएका झिल्के झालर, र यात्रुहरूको हल्का गफगाफ- सबै कुरा परिचित नै थिए, तर आज ती सबैमा उनले नयाँ अर्थ खोजिरहेका थिए।

बस इटहरीतिर पुग्दै थियो । उनले झोलाबाट तरुण तपसी निकालेर पाना पल्टाए। अक्षरहरू आँखामा परे, तर मनमा टिकेनन्।

उनको मन कतै अर्कै दिशातिर बगिरहेको थियो- जीवन, उपन्यास र अधुरो सपना।

धरानबाट पैदल हिंड्दै उनी विजयपुर डाँडातिर लागे । डाँडाको हावा अझै चिसो थियो। निकै बेरसम्म हिंडिरहे उनी। बस्ती छिचोलेर एकान्त खोज्दै धेरै बेर भौंतारिरहे उनी। कहाँ पुगे उनलाई थाहा भएन।

ध्रुवराजले धेरै ठाउँ खोजे- रूखमुनि, बाटोको छेउमा, पाखामा- तर कुनै पनि ठाउँ उनलाई उपयुक्त लागेन।

अन्ततः उनी एउटा ठूलो बरको रूखमुनि बसे । झोलाबाट तरुण तपसी निकाले र उनका प्रिय हरफहरू पढे- "म खाउँ मै लाउँ सुखसयल वा मोज म गरूँ ... "

फेरि डायरी खोले। पेन हातमा लिएर केही लेख्न खोजे- तर मनमा कुनै वाक्य आएन। "के लेखूँ ? कसरी शुरू गरूँ?" निकै बेर घोरिए ध्रुवराज।

अनि फेरि अचानक उनको मनमा एकाएक एउटा पुरानो अनुहार उदायो- मीनाक्षीको अनुहार।

मीनाक्षी... ध्रुवराजको युवावस्थाको एकतर्फी प्रेम। कहिल्यै भन्न सकेनन्। कहिल्यै व्यक्त गर्न सकेनन्- कहिल्यै! बरु बेनाम प्रेमपत्रहरू लेखे। कहिलेकाहीँ त रातभर जाग्राम बसेर लेख्थे उनी- मनका भावनालाई शब्दमा पोखेर। अनि फेरि बिहानपख ती शब्दहरूलाई हेर्दै आफैं अचम्म मान्थे- "यति धेरै साहित्य मभित्र लुकेको रहेछ ?"

तर ती पत्रहरू कहिल्यै मीनाक्षीको हातमा पुगेनन्।

मीनाक्षीको विवाह भयो।

अनि एकदिन बराहक्षेत्र जाँदा कोशीको बगिरहेको पानीमा बगाइदिएका थिए उनले ती पत्रहरूलाई।

त्यो दिनको सम्झना अझै ताजा छ उनको मनमा। कोशीको पानी त्यसदिन केही चढेको थियो जसरी उनको मन पनि चढेको थियो त्यस बेला। उनले ती पत्रहरू झोलाबाट निकाले- सुरक्षित पट्याइएका कागजका पानाहरू एक-एक गर्दै खोले। हावाले पाना हल्लाउँदा अक्षरहरू पनि हल्लिए, अनि उनको मन पनि हल्लियो। त्यसपछि उनले ती एक-एक पत्र पानीमा छोडे। पानीमा पर्नासाथ ती पानाहरूलाई नदीले सहज स्वीकार गरी आफ्नै ठानेर बगाउँदै पर पर लग्यो।

पैंतीस वर्षअघि त्यस दिन उनले ती पत्रहरू बग्दै गरेको हेरेको उनलाई हिजै जस्तो लाग्छ। र, अहिले यो वटवृक्षमुनि बसेर, हातमा तरुण तपसी समाएर, टोलाएका आँखाले आफू अगाडिको शून्यतालाई हेर्दै उनी फेरि पनि कोशीको त्यो पुरानो पानीमा आफ्नो अधुरो सपना बग्दै गएको देखिरहेका छन्।

"कहाँसम्म पुगे होलान् ती पत्रहरू ?" उनी अहिले पनि सोच्छन्। "कुनै त छिट्टै डुबेर हराए होलान्, कुनै सतहमै बग्दै केही समय त टिके होलान्।"

केही वर्षपछि ध्रुवराजको पनि विवाह भयो- शारदासँग।

शारदा उनको जीवनसाथी बनिन्, घर बनिन्, परिवार बनिन्। तर मीनाक्षी भने उनको मनको कुनामा अझै कतै बसेकी थिइन्- काठको आलमारीको एक कुनामा एउटा पुरानो, मक्किएको पुस्तक वर्षौं बसे जसरी- शान्त, मौन, तर जीवित स्वरुपमा।

"मीनाक्षीबारे पनि एउटा उपन्यास लेख्न सकिन्छ," सोचे उनले।

"र शारदाबारे पनि अर्को।"

"दुवैमा म आफूलाई अर्कै अर्कै पात्रको रूपमा राखूँला- आफ्नै नाममा होइन।"

"के दुवै जनालाई एउटै उपन्यासमा राख्न सकिंदैन ?" आफैंलाई प्रश्न गरे उनले।

"अहँ, सकिंदैन !" निश्चित स्वरको उत्तर गुञ्जियो उनको मनभित्र- "यी दुई छुट्टाछुट्टै संसारका अलग अलग प्राणी हुन्- यिनलाई एउटै संसारमा अटाउन सकिंदैन।"

"तर लेख्ने कि नलेख्ने ?" त्यसमा चाहिँ निश्चित छु त म ?

"निर्णय लिन अझै समय बाँकी छ। त्यस्तो केही बितिसकेको हतार छैन।"

बरको फेदमा यसरी सोचमग्न भएर बसेको बेला एकजना बटुवा आएर ध्रुवराजको छेउमा उभियो।

"तपाईंको घर कहाँ ? के थरी ?"

प्रश्नहरूको ओइरोले ध्रुवराज दिक्क भए। तर नम्रता गुमाएनन्। "विराटनगर," छोटो उत्तर दिए उनले।

"ओहो, विराटनगर ! म पनि त्यतैबाट आएको," बटुवा हाँस्यो।

ध्रुवराजले मुस्कुराएर मात्र टारे।

कुराकानी छोट्याएर उठे उनी र फर्कने बाटो समाते।

बसमा चढेपछि फेरि अर्को मान्छेले त्यही प्रश्न सोध्यो- "तपाईं कहाँको ? के थरी हुनुहुन्छ ?"

ध्रुवराजले फेरि छोटो उत्तरले टार्न खोजे । तर अपरिचित मान्छे आफ्नो गाउँठाउँबारे एकोहोरो लामो बेलिविस्तार लाउनमा तल्लीन भयो। उसले सुनाएको कैरन सुनेको जस्तो गर्दै ध्रुवराज आफ्नै विगतमा हराइरहे।

इटहरीमा त्यो मान्छे ओर्लिएपछि मीनाक्षीको स्वरुप अझ प्रष्ट भएर उनको आँखा अगाडि उत्रियो।

"एकचोटि भेट्न पाए हुन्थ्यो," सोचे उनले।

"अब त भेट्न मात्रैको लागि त्यति कठिन पनि छैन। पहिला पो मान्छेले धेरै शंका गर्थे। अब त बुढो भइयो। जे भनेपनि भयो !"

कुनै बहानाले मीनाक्षीलाई भेटेर हालखबर, परिवार, जीवन, अनि पुराना दिनबारे खुलेर गफ गर्न मन लाग्यो उनलाई। भेटेको कल्पनाले मनमा एउटा अचम्मको झन्कार सहित एक किसिमको गहिरो प्रसन्नता छायो।

बस विराटनगरतिर झर्दै थियो । ध्रुवराजले झोलामा हात घुसारेर छामे- तरुण तपसी, आमा, डायरी, पेन... सबै त्यहीं थिए। तर मनमा भने एउटा नयाँ कथा जन्मिँदै थियो- अधुरो, अस्पष्ट, तर जीवित।

"लेखक जीवनको शुरूवात त आजै भयो जस्तो छ," मनमनै मुस्कुराए ध्रुवराज।

त्यस साँझ ध्रुवराजले आफ्नो पहिलो उपन्यास लेख्न शुरू गरे।

कविता

## कविता र म



✍ डा. नम्रता पाण्डे

मैले कवि हुने विषय पढिनँ
न त कुनै किताबमा कविता
सिकैं।
साहित्य त केवल अक्षर थिए
तर जीवन मेरो पाठ्यपुस्तक
बन्यो अनि जीवनका कविता
फुर्न थाले।

जब फूल मेरो हृदयमा फक्रियो
तब कवितामा सुवास आउन
थाल्यो।
फूलको रूपभन्दा गहिरो
म अनुभूतिको बगैंचामा पुगेँ
जहाँ हरेक रङ एउटा शब्द बनेर
खस्यो।
जब नदी हृदय भएर बग्न
थाल्यो
कविताका शब्दहरू रोकिएनन्
कविताहरू स्वतः बग्न थाले
जस्तो चेतनाको धारासँगै
जहाँ शब्दहरूले आत्मालाई
धोएर शुद्ध बनाइरहेका छन्।

जब ब्रह्माण्ड मेरो आत्मामा
बस्यो
तब कविताको सीमा रहेन।
आकाश, धर्ती, आँसु, हाँसो
सबै विषयहरू एउटै स्वरमा
गुञ्जिए।
म कवि रहिनँ
सृष्टिका सारा आयाममा
कविता देख्न थालेँ।

जब मौनले बोल्न सिकायो
शब्दहरू अर्थको पार गए।
म लेख्दिनथेँ, केवल बग्थेँ
जस्तो अस्तित्वले आफ्नै कथा
सुनाउँदै छ।
त्यो क्षण म कवि होइन
कविता स्वयं भएर बाँचिरहेकी
थिएँ।

कविता

## ए मान्छे !



✍ सुनिता राई कन्दङ्वा

ए मान्छे !
तिम्रो इतिहास
तिम्रो सभ्यता
तिमीले उघारेको दैलो
तिमीले अँगालेको काख
तिमीले मेरो भनेको
त्यो सबथोकको आयु
यो फूलभन्दा कान्छा छन्
ए मान्छे !
तिम्रो अहम्
यति अग्लो किन !

तिमीले टेकेको भुइँ
तिमीले देखेको घाम-जून
तिमीले अनुभूत गर्ने यी
हरचीज
तिमीभन्दा पाका हुन्
उनीहरूले कहिल्यै अहम्
देखाएनन्
तिमी कुन दम्भ लिएर
दौडिरहेछौ
नपुग्ने शिखरतिर !
ए मान्छे !

उन्नतिको चरम होडमा
आफ्नै विनाशको
यो दुर्बल लिस्नो उक्लिएर
आफैलाई भुल्दै गइरहेका
हे मान्छे हो !
हेर
प्रकृतिका हरेक घटना-
उपघटनाले
दर्साइरहेछ प्रेमको
सन्देश..‼

## औलौको...

२०२३ सालबाट भएको इतिहास छ। २०२४ सालमा चौहानचौरमा सदरमुकाम सारेपछि यो नगर मात्रै नभएर सिङ्गो सुर्खेतकै विकासको गति तीव्र भयो। २०२९ सालमा चौहानचौर नाम फेरिएर वीरेन्द्रनगर बनेको इतिहासका जानकार बताउँछन् । अध्येता गोविन्द कोइरालाका अनुसार १६ माघ २०२९ मा भौतिक योजना निर्माण तथा यातायात मन्त्रालयले जारी गरेको 'नगर योजना कार्यान्वयन ऐन'मा वीरेन्द्रनगर भन्ने नाम उल्लेख गरिएको छ। औलो उन्मूलन भएपछि उपत्यकामा बसोबास गर्न थालियो र २०२८ सालमा सबै सरकारी कार्यालयहरू गोठीकाँडाबाट वीरेन्द्रनगरमा स्थानान्तरण गरी सदरमुकाम तोकिएको थियो।

औलोको गुल्जारबाट उठेको तत्कालीन चौहानचौरहुँदै प्रदेशको मुकाममा बदलिएको वीरेन्द्रनगरको पहिचान यतिमा मात्रै सीमित छैन। कुनै बेला औलोको उच्च जोखिम रहेको वीरेन्द्रनगर पञ्चायतकालीन क्षेत्रीय सदरमुकामहुँदै देशमा गणतन्त्रपश्चात् कर्णाली प्रदेशको मुकाम पालिका बनेको छ। २०७२ सालमा जारी संविधानले राज्यको विद्यमान भौगोलिक, राजनीतिक एवं प्रशासनिक संरचनाहरू संघीयताको मोडेलमा पुनर्संरचना गऱ्यो। संविधानले परिकल्पना गरेको संघीयताअनुसार मुलुकभित्रको भौगोलिक सीमांकन हेरफेर गरी राजनीतिक तथा प्रशासनिक संरचनाहरू पुनर्गठन भए।

यससँगै ती निकायको अधिकार, स्रोतसाधन, जिम्मेवारी र जवाफदेहिताको विद्यमान अवस्थामा व्यापक हेरफेर गरियो। सोहीबमोजिम नेपाल तीन तहका सरकारको अभ्यासमा प्रवेश गरेसँगै वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी बनेको थियो। व्यवस्थित शहरी योजना बनाई बस्ती बस्न सुरु भएको वीरेन्द्रनगर झण्डै ५२ वर्षपछि नगरपालिकाबाट उपमहानगर पालिका बन्ने चरणमा प्रवेश गरेको छ। २०३३ सालमा उपत्यका क्षेत्रभित्र पर्ने कटकुवा, गोठीकाँडा र जर्बुटा गाउँ पञ्चायतभित्र पर्ने केही भागलाई मिलाएर बनेको वीरेन्द्रनगरले ५० वर्षको अवधिपछि उपमहानगरपालिकाका लागि आवश्यक पर्ने सबै मापदण्ड पूरा गर्न सक्षम बनेको छ।

नगरपालिकाको आन्तरिक स्रोत, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, बिजुली, सञ्चारलगायतका महत्त्वपूर्ण पूर्वाधारको विस्तार भएसँगै वीरेन्द्रनगरलाई उपमहानगरपालिका बनाउन आवश्यक प्रक्रियासमेत अघि बढिसकेको छ। वीरेन्द्रनगरलाई उपमहानगरपालिका घोषणाका लागि आर्थिक वर्ष २०७८/०७९ बाटै प्रक्रिया थालिएको थियो। नवौँ नगरसभाले नगरपालिकालाई उपमहानगरपालिका घोषणाका लागि नीति तथा कार्यक्रम र बजेटमै समावेश गरेको थियो। तर, राजस्वको दायरा पूरा नभएपछि यो प्रक्रिया केही लम्बिएको हो।

झण्डै तीन वर्षपछि नगरपालिकाको हिउँदे नगरसभाको १६औं बैठकले उपमहानगरपालिका बनाउन मापदण्ड पूरा गरेको भन्दै प्रक्रिया अघि बढाउन सार्वजनिक महत्ववको प्रस्ताव पारित गरिसकेको छ। नगरसभाले उपमहानगरपालिका घोषणाका लागि कर्णाली प्रदेश सरकारमार्फत केन्द्र सरकारलाई अनुरोध गर्न सार्वजनिक महत्त्वको प्रस्ताव पारित गरेको नगर प्रमुख मोहनमाया ढकाल बताउँछिन्। वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी मात्र नभई पश्चिम नेपालकै उदाउँदो शहरका रूपमा विकसित भइरहेको छ। सडक सञ्जालको विस्तारले यसलाई लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशसँग प्रत्यक्ष रूपमा जोडेको छ। पछिल्लो तथ्यांक अनुसार वीरेन्द्रनगरमा ३१ हजार आठ सय ४७ घरधुरी तथा एक लाख ५४ हजार आठ सय ८६ जनसंख्या छ।

साक्षर समाज – सक्षम राष्ट्र ।

- आत्मनिर्भर जीवनको लागि।
- रोजगारी र अवसरको लागि।
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि।
- लैगिक, जातीय र क्षेत्रीय समानताको लागि।
- अधिकार र कर्तव्य बोधका लागि।
- स्वास्थ्य सम्बन्धी सचेतनाको लागि।
- आर्थिक सशक्तिकरणका लागि।

त्यसलैले शिक्षित बनौ, प्रगतिको पथमा लम्किऔं।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिवालय बौद्ध जग्गा एकीकरण आयोजना
आयोजना कार्यान्वयन ईकाइ
वीरेन्द्रनगर, सुर्खेत

आयोजना क्षेत्र भित्रका जग्गाधनी तथा मोहीहरूको लागि अत्यन्त जरूरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३।१।२६)

वीरेन्द्रनगर नगरपालिका अन्तर्गत शिवालय बौद्ध जग्गा एकीकरण आयोजना वीरेन्द्रनगर नगरपालिका वडा नं. ९ साबिक लाटिकोइली नक्सा सिट नं ७ क मा करिव ३०।७६ हेक्टर (४६.१४ बिगाहा) जग्गामा शिवालय बौद्ध जग्गा एकीकरण आयोजना तपसिलको चार किल्ला भित्र पर्ने जग्गाहरूलाई एकिकरण गरी सो स्थानमा योजना बमोजिमको सेवा सुविधाको व्यवस्था गर्ने गरी उक्त स्थानमा जग्गा एकिकरण आयोजना सञ्चालन गर्न नगर विकास ऐन, २०४५ बमोजिम यो सूचना प्रकाशित गरिएको छ। सम्बन्धित सम्पूर्ण जग्गाधनीहरूको यस कार्यक्रम प्रतिको भावना प्रतिकृया समेतको आधारमा विस्तृत योजना बन्न सकोस भन्ने यस नगरपालिकाको चाहना रहेको छ।

जग्गा धनीहरूको सहमति, असहमति, राय/सद्रझाव व्यक्तिगत रूपमा प्राप्त गर्न व्यवहारिक दृष्टिकोणले संभव नदेखिएको हुँदा यसै सूचनाद्वारा यस कार्यक्रम सञ्चालन गर्ने कुरामा तल उल्लेखित चार किल्ला भित्र आफ्नो जग्गा पर्ने जग्गाधनी वा मोहीको असहमति भए असहमतिको कारण सहित जग्गाधनी प्रमाण पूर्जा र नागरिकताको प्रमाणित प्रतिलिपी संलग्न गरी यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र वीरेन्द्रनगर नगरपालिका आयोजना कार्यान्वयन ईकाईको कार्यालयमा लिखित निवेदन दिनु हुन जानकारी गराइन्छ। सो अवधि भित्र यस नगरपालिकामा त्यस्तो कुनै असहमति भएको जानकारी प्राप्त नभएमा नगर विकास ऐन २०४५ को दफा १२ बमोजिम सम्बन्धित जग्गाधनी तथा मोहीहरूको यस कार्यक्रम प्रति सहमति रहेको ठानिने छ। साथै यसै कार्यक्रमको सञ्चालन स्थानिय जग्गाधनीहरूकै सहयोग सुझाव, सहमति र सक्रियतामा गरिने भएकोले कार्यक्रम सञ्चालन सम्बन्धमा त्यस क्षेत्रका जग्गाधनी तथा मोहीहरूको सकारात्मक सुझाव तथा प्रतिक्रिया समेतको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**
**पुर्व** : मंगलगढी कात्रेविहार सडक
**पश्चिम** : खोर्केखोला,
**उत्तर** : बौद्ध गुम्बाबाट पश्चिम जाने सडक
**दक्षिण** : बौद्ध सहकारीबाट पश्चिम गोरेखाकल, खोर्केखोला

**आयोजना प्रमुख**

## आधुनिक...

आफ्नो पहिचान स्थापित गर्दै गएको छ, जुन हामी सबैका लागि गर्वको विषय हो। हामीले आर्थिक, भौतिक, सामाजिक, वातावरणीय तथा व्यवस्थापकीय आयाममा सन्तुलित र समावेशी विकासलाई केन्द्रमा राखी कार्य सम्पादन गरिरहेका छौँ,' ढकालले भनिन्। नगरलाई आर्थिक रूपमा सम्पन्न, भौतिक रूपमा योजनाबद्ध, सामाजिक रूपमा समावेशी, वातावरणीय रूपमा स्वच्छ र व्यवस्थापकीय रूपमा सुव्यवस्थित शहरका रूपमा विकास गर्दै कर्णाली प्रदेशको व्यवस्थित राजधानी बनाउने लक्ष्यका साथ अघि बढेको उनले बताइन।

२०७९ बैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचन पश्चात यताका चार वर्षको अवधिमा आन्तरिक राजस्व वृद्धि, स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच विस्तार, छाडा पशु चौपायाको व्यवस्थापन, मुख्य बजार क्षेत्रमा फुटपाथ व्यवस्थापन, शहरी पूर्वाधार विकास, उज्यालो सहर, कृषि तथा पशुपालनलाई व्यवसायिक बनाउन सफल भएको नगर प्रमुख ढकालको दावी छ। भूमिहीन तथा सुकुम्बासी समस्याको समाधानमा पहल, सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, शिक्षा र स्वास्थ्य सेवाको विस्तार, युवा सशक्तीकरण तथा महिला उद्यमशीलताको प्रवर्द्धन जस्ता क्षेत्रमा महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको उनको भनाई छ। चार वर्षको अवधिमा नगरका ठूला पूर्वाधार आयोजनाहरू पनि उल्लेखनीय रूपमा अगाडि बढेको नगर प्रमुख ढकालको दावी छ। संघीय र प्रदेश सरकारसँगको समन्वय र स्थानीय विकासका भेरी लिफ्ट खानेपानी जस्तो गौरवपूर्ण आयोजनाहरू कार्यान्वयनमा रहेको उनको भनाई छ।

यसले सन् २०५० सम्म बृद्धि हुनसक्ने वीरेन्द्रनगरको जनसंख्यालाई दीर्घकालिन खानेपानीको पहुँच विस्तार गर्ने उनको भनाई। अहिले यो आयोजनाले तीव्रता पाइरहेको छ। आधुनिक बसपार्क, कर्णाली बसपार्कका साथै मंगलगढीमा आकाशे पुलको योजनासमेत कार्यान्वयनमा रहेको उनको भनाई छ। विशेषगरी सडक सञ्जालको विस्तार, चक्रपथ निर्माण र पर्यटकीय क्षेत्रहरूको प्रवर्द्धनका लागि संघ र प्रदेश सरकारसँगको सहकार्यमा अघि बढेको उनको भनाई छ।

'सहरको सुरक्षाका लागि सिसिटिभी जडान, उज्यालो नगर अभियान अन्तर्गत सडक बत्तीको व्यवस्था र ट्राफिक व्यवस्थापन मुख्य उपलब्धि हुन्। यद्यपि, तीव्र शहरीकरण, बढ्दो जनसंख्या, सीमित स्रोत-साधन र बढ्दो सेवा मागजस्ता चुनौतीहरू अझै पनि विद्यमान छन्,' नगर प्रमुख ढकालले भननिन्। गत भदौ २३ र २४ को आन्दोलनमा वीरेन्द्रनगर नगरपालिकाले व्यापक क्षति व्यहोरेको उनको भनाई छ।

उनका अनुसार नगरपालिकाले आर्थिक वर्ष २०७९/०८० देखि चालु आर्थिक वर्ष २०८२/०८३ अर्थात चार वर्षको अवधिमा नगर क्षेत्रमा २४.४३ किलोमिटर सडक आरसिसिसहित कालोपत्रे गरेको छ। यस्तै, ६१.५३ किलोमिटर सडकमा ग्राभेल तथा स्तरोन्तीको कार्य सम्पन्न भएको छ भने, ६०.९७ किलोमिटर पक्की नाला निर्माण गरिएको छ। भवन पूर्वाधारतर्फ एक सय २४ कोठा विद्यालयका भवन निर्माण भएका छन्। यस्तै, १० स्वास्थ्य चौकीतर्फका भवन निर्माण सम्पन्न हुँदा नगरपालिकाले आफ्नै नगर अस्पताल बनाएको छ। यस्तै, ११ पार्क तथा उद्यान, २७ सामुदायिक भवन निर्माण तथा मर्मत गरिएको नगरपालिकाले जनाएको छ। वार्षिकोत्सव समारोहमा बोल्दै कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले जनताको नजिकमा रहेर काम गर्ने स्थानीय सरकारले आमनागरिकले महशुस हुनेगरी सेवा प्रवाहसँगै विकास निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने बताए।

प्रदेशको राजधानी भएसँगै वीरेन्द्रनगरको विकासलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको समेत उनले बताए। प्रदेशको सुगम पालिकाका रुपमा रहेको वीरेन्द्रनगरले अपनाएको विकास मोडेल कर्णालीका सबै पालिकामा पुऱ्याउन नेतृत्वदायी भूमिका खेल्नुपर्नेमा उनले जोड दिए। वार्षिकोत्सवको अवसरमा उत्कृष्ट काम गर्ने कर्मचारी, वीरेन्द्रनगरलाई कर्मथलो बनाएर पत्रकारिता गर्नेसात पत्रकारलाई सञ्चार क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै पुरस्कृतसमेत गरिएको थियो। यस्तै, वार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न खेलका विजेता कर्मचारी तथा जनप्रतिनिधि, एसईई परिक्षामा उत्कृष्ट नतिजा ल्याएका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीलाई समेत नगरपालिकाले पुरस्कृत गरेको थियो।

# अनुमतिविना यार्सागुम्बा सङ्कलन गर्न गएका २५ जना नियन्त्रणमा

**◣युग संवाददाता**
**मुगु, २५ वैशाख।**

अनुमतिविना यार्सागुम्बा सङ्कलनका लागि गएका २५ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। मुगुका विभिन्न पाटनमा यार्सागुम्बा सङ्कलन गर्न गएका एक बालिकासहित २५ जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मुगुका प्रहरी नायब उपरीक्षक रविराज थपलियाले जानकारी दिए।

"अनुमतिविना पाटन वन क्षेत्रमा प्रवेश गर्ने व्यक्तिलाई नियन्त्रणमा लिएका छौँ, उनीहरुलाई जिल्ला प्रहरी कार्यालयमा ल्याइएको छ", उनले भने। मुगुम कार्मारोङ गाउँपालिकाले यार्सागुम्बा सङ्कलनसम्बन्धी सूचना प्रकाशित गरेको छैन। यार्सागुम्बा सङ्कलनको समय नजिकिँदै गर्दा मुगुका यार्सापाटनमा सुरक्षा बढाइएको छ।

मुगुका दुई दर्जनभन्दा बढी वन तथा पाटनमा पाइने बहुमुल्य, बहुउपयोगी जडीबुटी यार्सागुम्बा सङ्कलनका लागि हुम्ला, जुम्ला, बाजुरा, दैलेख, कालीकोट, अछामसहित मुलुकभर र भारतबाट सङ्कलनकर्ता र खरिदकर्ता पाटन पुग्ने गरेका छन्।

यार्सागुम्बा दुर्गमका जनताको प्रमुख आर्थिक स्रोतका रुपमा रहेको छ। यहाँ जनता आफ्नो वर्षभरिको पारिवारिक खर्च यार्सागुम्बा बिक्रीबाटै जुटाउने गर्दछन्।

# सिक्टा सिँचाइको डुडुवा शाखा नहर निर्माण द्रुतगतिमा

**◣युग संवाददाता**
**बाँके, २५ वैशाख।**

राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजनाले शाखा नहर निर्माणकार्यलाई प्राथमिकता दिएको छ। आयोजनाको पश्चिमी मूल नहरअन्तर्गत अहिले डुडुवा शाखा नहरको निर्माणकार्य द्रुतगतिमा भइरहेको छ।

यो नहरबाट १६ हजार हेक्टर जग्गामा बाह्रैमास सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको सिक्टा सिँचाइ आयोजनाका सूचना अधिकारी सिनियर डिभिजनल इन्जिनियर (सिडीइ) मनोजकुमार साहले बताए।

उनका अनुसार २३.४ किलोमिटर लामो सो डुडुवा नहरबाट करिब १६ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्नेछ। उक्त नहरअन्तर्गत खजुरा र मानपुर दुई मुख्य शाखा रहनेछन्। विगतमा ठेक्का विवादका कारण लामो समयसम्म नहर निर्माणको काम रोकिएको थियो भने पुरानो ठेक्का रद्द गरेर नयाँ कम्पनीमार्फत ठेक्का दिई निर्माणलाई तीव्र पारिएको छ। हालसम्म नहरको निर्माणकार्य २५ प्रतिशत प्रगति भएको छ।

नेपालगन्ज-सुर्खेत सडकखण्डअन्तर्गत पिप्रहवादेखि राँझासम्म करिब पाँच किलोमिटर क्षेत्रमा टनेलमार्फत डुडुवा नहर निर्माण गरिनेछ भने बाँकी भाग खुला संरचनामा बन्नेछ। रामेछाप शेर्पा कन्स्ट्रक्सन प्रालिले एक अर्ब १२ करोडको लागतमा यो नहर निर्माण तीन वर्षभित्र सम्पन्न गर्ने जिम्मा पाएको छ।

नहर सम्पन्न भएपछि डुडुवा, खजुरा, नेपालगन्ज र जानकी क्षेत्रका किसानले वर्षैभरि सिँचाइ सुविधा पाउने अपेक्षा गरिएको आयोजनाका सूचना अधिकारी साहले बताए। सिक्टा सिँचाइ आयोजनाको मूल नहरबाट १८ क्युमेक्स (१८ हजार लिटर प्रतिसेकेन्ड) पानी डुडुवा नहरमा खसालेर २३ किलोमिटर लामो डडुवा शाखा नहर र उपशाखा नहर निर्माण गरी सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य छ। यो नहर बनेपछि बाँकेको नेपालगन्ज, जानकी, खजुरा र डडुवा गाउँपालिकाका करिब १६ हजार हेक्टर जग्गामा बाह्रैमास सिँचाइ सुविधा विस्तार हुने साहको भनाइ छ।

# हुलाकबाट घरमै राहदानी



**◣युग संवाददाता**
**सुर्खेत, २५ वैशाख।**

जिल्ला प्रशासन कार्यालय सुर्खेतले राहदानी अब हुलाकबाटै सेवाग्राहीको घरमा पुऱ्याउने भएको छ। यसका लागि जिल्ला प्रशासन कार्यालय सुर्खेतका प्रमुख जिल्ला अधिकारी जगदीश्वर उपाध्याय र हुलाक निर्देशनालय सुर्खेतका निर्देशक गोविन्दप्रसाद पाण्डेले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्।

गत चैत १३ गतेको मन्त्रिपरिषद् बैठकले सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीरकण गर्ने निर्णय गरेको थियो। सोही निर्देशनअनुसार सम्झौता भएको हुलाक निर्देशनालय सुर्खेतका निर्देशक पाण्डेले जानकारी दिए।

निर्देशक पाण्डेले शर्तअनुसार हुलाक निर्देशनालय सुर्खेतले जिल्ला प्रशासनले उपलब्ध गराएको राहदानी बढीमा सात दिनभित्र सेवाग्रहीको घरमा पुऱ्याउनु पर्नेछ। विविध कारणबसः वितरण गर्न नसकेका राहदानी जिल्ला प्रशासन कार्यालयलाई फिर्ता गर्नुपर्ने तथा राहदानी सुरक्षा संवेदनशीलता ध्यानमा राखी सुरक्षित साथ ढुवानी र वितरण गर्नुपर्ने सम्झौतामा उल्लेख छ।

गृह मन्त्रालय तथा हुलाक सेवा विभागको परिपत्रअनुसार राहदानी सेवा घरदैलोमा उपलब्ध गराउँदा लाग्ने नियमानुसारको हुलाक दस्तुर/महसुल सम्बन्धित सेवाग्रहीबाट असुलउपर गरिने निर्देशक पाण्डेले बताए। उनका अनुसार हुलाक निर्देशनालयले राहदानी वितरणका लागि १०० थान खाममा हुलाक महसुलबापत लाग्ने टिकट टाँस गरी प्रशासनका कार्यालयको राहदानी शाखामा बुझाउनेछ। सम्झौता आजैदेखि लागू हुनेछ।

**सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।**

- सामाजिक सञ्जालमा:
- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

**जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्नु हुँदैन।**
**यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६९५६ (डी.बी. राना)

**सामेल एग्रिकल्चर प्रा.लि.**
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामाग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

**GANGAMALA TRAVELS & TOUR PVT. LTD**
**CAR WASH**

Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



- MINI BUS
- JEEP/CAR
- EV VAN
- SUMO JEEP

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।